आज मिति २०७४/११/१८,१९ गतेका दिन यस ब्याँस गाउँपालिका गाउँ कार्यपालिकाको बैठक यस ब्याँस गाउँकार्यपालिकाका अध्यक्ष श्री दिलिप सिंह बुढाथोकी ज्यूको अध्यक्षतामा तपसिल बमोजिम का पदाधिकारी ज्यूहरुको उपस्थितिमा बैठक बसी निम्न प्रस्तावहरु उपर छलफल गरी देहय बमोजिमका निर्णयहरु पारित गरियो ।

**तपशिल :**

श्री दिलिप सिंह बुढाथोकी अध्यक्ष ब्याँस गाउँपालिका

श्री हेमा भट्ट जोशी उपाध्यक्ष ब्याँस गाउँपालिका

वडाध्यक्षहरु :

श्री अशोक सिंह बोहरा १ नं. वडा ब्याँस

श्री धिरन सिंह बुढाथोकी २ नं. वडा राप्ला

श्री उपेन्द्र सिंह धामी ३ नं. वडा सिना सुन्सेरा

श्री संग्राम सिंह विष्ट ४ वाड सुन्सेरा

श्री मंगल सिंह धामी ५ नं. वडा धौलाकोट

श्री मनोज सिंह कुवर ६ नं. वडा हुती

**सदस्यहरु**

भागरथी धामी

धाना देवि बंम

कुस्मा देवि कामी

राम दत्त जोशी (नि. प्रमुख प्रशासकिय अधिकृत)

डम्मर दत्त अवस्थी (स.ले.पा.)

**प्रस्ताव हरु :**

१) लक्षित कार्यक्रम सम्बन्धमा ।

२) दुम्लिङ देखि तिंकर सम्म घोरेटो बाटो निर्माण सम्बन्धमा ।

३) अनुगमन समिति थप सम्बन्धमा ।

४) सामाजिक परिचालकको नियुक्ति सम्बन्धमा

५) स्वास्थ्य शाखाको औषधि खरिद सम्बन्धमा ।

६) ब्याँस गाउँपालिकाको विनियोजित पशु कार्यक्रम सम्बनधमा ।

७) नारी दिवस मनाउने सम्बन्धमा ।

८) कार्यालय समान व्यवस्थापन सम्बन्धमा ।

९) पदाधिकारीको क्षमता अभिबृद्धि तालिम सम्बन्धमा ।

१०) ब्याँस गाउँपालिकाको कानुनी सल्लाहकार नियुक्ती सम्बन्धमा ।

११) मुटु रोग क्यान्सर रोग मृगौला रोग विरामीलाई अनुदान सम्बन्धमा ।

१२) दोस्रो गाउँ सभा तोक्ने सम्बन्धमा ।

१३) योजना सम्झौता सम्बन्धमा ।

१४) ब्याँस गाउँपालिका बाट विनियोजित छात्रबृति रकम सम्बन्धमा ।

१५) सुचना प्रविधिको कार्यालय संचालन सम्बन्धि खरिद सम्बन्धमा ।

१६) रकम विनियोजन सम्बन्धमा ।

**निर्णय नं १**

यसमा प्रस्ताव नं १ माथी आवश्यक छलफल गर्दा यस ब्याँस गाउँपालिका गाउँ कार्यापालिकाको कार्यालय सुन्सेरा दार्चुला बाट लक्षित कार्यक्रम अन्तरगत महिलालक्षित अन्तर्गत तपशिल बमोजिम रकम विनियोजित गरी निम्न बमोजिमको कार्यक्रम लागु गर्ने निर्णय पारित गरियो ।

**तपशिल**

| सि.न.. | वडा नं. | कार्यक्रम | रकम |
|---|---|---|---|
| १ | १ नं. वडा ब्याँस | जुस उत्पादन तालिम | २००,००० |
| २ | २ नं. वडा राप्ला | सिलाई कटाई तालिम | ३००,००० |
| ३ | ३ नं. वडा सिना सुन्सेरा | आलु चिप्स तालिम | २००,००० |
| ४ | ४ नं. वडा सुन्सेरा | खरायोपालन | २५०,००० |
| ५ | ५ नं. वडा धौलाकोट | खरायोपालन | २५०,००० |
| ६ | ६ नं. वडा हुती | स्वीटर बुनाई | ३००,००० |
| | जम्मा | | **१५,००,०००** |